आज मिति २०७६।०४।२० गते सोमबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | [signature] |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | [signature] |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | [signature] |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | [signature] |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | [signature] |
| ६ | श्री कुमार चौलागाई | सदस्य | [signature] |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | [signature] |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | [signature] |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | [signature] |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | [signature] |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | [signature] |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | [signature] |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | [signature] |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | [signature] |

<u>निर्णय नं.(१)</u> युएनडिपि को आर्थिक सहयोगमा, ग्रामीण वातावरण विकास समाज, चरिकोट, बाट प्राप्त भै मिति २०७६।४।२० मा भएको सम्पुष्ट बैठकको सहभागिता योजना कार्यान्वयन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.(२) यस गाउँपालिकावार, पुर्वाधार विकास, सामाजिक विकास सुशासन, लगायतका विषयहरुको, अध्ययन, अवलोकन गरि अनुभव आदान, प्रदान गर्न, कार्यपालिकाको पदाधिकारी-सदस्य, कर्मचारी, तथा पहुँच परियोजना, सल्लाहकार सांकेतिक पदाधिकारीहरु सकेतको टोली मिति २०७६।०८।२२ गतेवार बाटमा ७ सात सम्म, दैवचुली नगरपालीका, नवलपरासी र भीमदत्त नगरपालिका कंचनपुरमा, संचालनमा रहेका वाट मैत्री स्थानीय शासन समेतको अवलोकन भ्रमण गर्ने र भ्रमणमा लाग्ने, खर्चहरु, गाउँपालीका र पहुँच परियोजना वाट व्यहोर्ने गरि निर्णय गरियो।

निर्णय नं.(३) वेतेश्वर गाउँपालिका वडा नं. १-८ मा स्थायी वेगाता भै विभिन्न स्थानमा बस्दै आउँदा गाउँपालिका वाट फावुशारीरीक अवस्था, मएका, अपाङ्ग, हरुको परिचय पत्र अद्यावधिक गर्ने, विगत देखी पहिचान, परिचय पत्र लिन नसकेका अपाङ्गहरुलाई अभियानको रुपमा परिचय पत्र वितरण गर्न वडा स्तरमा खटिएको टोली वाट परिचय लिन, छुट भएका, व्यक्तिहरुलाई अपाङ्ग, परिचय, पत्र उपलब्ध गराउन आगामी २०७६।भाद्र १९ गते गाउँपालिकाको कार्यालयमा, परिचय पत्र वितरण टोलीवाट व्यवस्था गर्ने, अन्यत्र स्थानमा बसोवास भएका, क, खर र ख, वर्गका व्यक्तिहरुलाई, अन्यत्र स्थानवाट गाउँपालिका सम्म आउँदा र जाँदाको सार्वजनिक यातायातको खर्च माग गा०पा०कावाट भुक्तानी दिने, अन्य व्यवस्थापन साविकअनुसार पहुँच परियोजनावाट व्यवस्थापन (डा.को पारिश्रमिक दैनिक - रु५०००।पाँचहजार) र सहयोगीको स्टाफ नर्स, अनमी. अ.हे.व. लाई दैनिक रु ३५००।तिनहजार पाँचसय का दरले) गर्ने निर्णय गरियो।

निर्णय नं.(४) यस गाउँपालिकाको शिक्षा इकाईको कार्यलाइ सहयोग पुऱ्याउन विष्णु मा.वि. मा कार्यरत आ.वि. शिक्षक कृष्ण बहादुर तमाङलाइ गाउँपालिकामा काममा खटाइ दिन अनुरोध गरी विष्णु मा.वि. गैरीगाउँ लाई अनुरोध गर्ने, काममा, खटाइ रिक्त हुने स्थानमा समानको शिक्षकको अस्थायी करार सेवामा शिक्षक प्राप्त गर्न विद्यालयलाई अनुरोध, गर्ने र पदपुर्ति हुने शिक्षकको पारिश्रमिक गा.पा.वाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. (५) वैनेश्वर गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने सम्बन्धमा, छलफल हुँदा निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. वडा समितिको अध्यक्ष बाट मनोनीत गरि पठाएको ११ जना र आठ जना सदस्य

२. शिक्षा इकाई प्रमुख - सदस्य सचिव रहने।

३. मनोनयन भएका सदस्यहरूको निर्णयले तोकेको संयोजक रहने।

निर्णय नं. (६) यस गाउँपालिकाको आ.व. २०७५।२०७६ को स्वीकृत वार्षिक विकास कार्यक्रममा ~~निम्न~~ समावेश भएका निम्न लिखित योजनाहरूको बोलपत्र आवहान गर्ने निर्णय गरियो।

तपसिल

(क)
१. बुत्ती पुतलीकाठ लहरे माने सडक
२. मैतापोखरी फेदी, छम्बा सडक
३. यासो मैतापोखरी पोडुनायु खानेपानी गत रेफ बाट बाकी रकम
४. गापेपी, गापेटार (जोरीबही जोरमोन सडक गत रेफ (बाट बोक) कम

(ख) यस गाउँपालिका बाट बिनियोजन भै स्वीकृत भएका ६० सात लाख रुपैया भन्दा माथिका योजनाहरूको निर्माण खरिद आदि गर्दा ई. बिडिङ मार्फत कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो।